कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्षः २६ अंकः ८४ वि.सं. २०८३ असार २२ सोमवार नेपाल संवतः ११४६ आषाढ कृष्ण षष्ठी Monday 6 July 2026 yugaawhan@gmail .com पृष्ठः ४ मूल्यः ५ ।-

## चार दिनसम्म पनि भेटिएन कर्णालीमा खसेको फोर्स गाडी



**युग संवाददाता**
**सुर्खेत, २१ असार ।**

कर्णाली राजमार्ग अन्तर्गत दैलेखमा कर्णाली नदीमा खसेको फोर्स गाडी र त्यसमा सवार यात्रुको अवस्था अझै अज्ञात छ ।

बिहिबार (१८ असार) बिहान झण्डै ११:३० बजेको समयमा सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको कर्णाली प्रदेश ०२-००१ ख १०५५ नम्बरको फोर्स गाडी दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ स्थित साँगेतडा क्षेत्रबाट कर्णाली नदीमा खसेको थियो ।

घटना घटेको चार (आइतबार) दिनसम्म पनि गाडी र त्यसमा सवार यात्रुको अवस्था पत्ता लाग्न सकेको छैन । नदीमा खसेका गाडी र यात्रुको खोजीमा अत्याधुनिक प्रविधिसहितको मानव जनशक्ति खटिएको छ । तर, कर्णाली नदीको पानी अत्याधिक धमिलो र उच्च बहावका कारण खोजी कार्यमा कठिनाई भइरहेको कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानीरिक्षक (डीआईजी) जयराज सापकोटाले जानकारी दिए ।

उनका अनुसार हालसम्म दुर्घटनास्थलदेखि तलका सम्भावित क्षेत्रमा खोजी भइरहे पनि गाडी र यात्रु फेला परेका छैनन् । दुर्घटनाग्रस्त गाडी र यात्रुको खोजीमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले हेलिकोप्टर, ड्रोन तथा गोताखोरको सहायताले खोजी कार्यलाई निरन्तरता दिइरहेका छन् ।

प्रहरीका अनुसार खोजी कार्यमा सुरक्षा निकायका एक सय ७६ जनशक्ति खटिएका छन् । सेनाले दुर्घटनास्थलदेखि बर्दियासम्मको कर्णाली नदी क्षेत्रमा करिब ७० जना सैनिक खटाएर सम्भावित क्षेत्रमा खोजी कार्य गरिरहेको छ । यस्तै, गोताखोरसहित सशस्त्र प्रहरीका ३६ र नेपाल प्रहरीका ७० जनाको उद्दार टोली खटाइएको प्रहरीले जनाएको छ ।

प्रहरीको तथ्यांक अनुसार दुर्घटना भएकै दिन एक जनाको शव नदीमा नखसेको अवस्थामा फेला परेको थियो । हालसम्म दुर्घटनाग्रस्त गाडीमा कति जना यात्रु सवार थिए भन्ने विषय पनि खुलेको छैन । यातायात व्यवसायीको अभिलेख अनुसार उक्त गाडीमा पाँच जनाले टिकट काटेको देखिन्छ । तर, बीच बाटोमा अन्य यात्रु पनि थपिएको हुनसक्ने सुरक्षा निकायको अनुमान छ ।

### खानेपानीमा सारदा नगरपालिकाको लगानी

# जर्खु र खैरावाङ लिफ्टले १७ हजार जनसंख्यामा पुग्दैछ दीगो र स्वच्छ खानेपानीको पहुँच

संघीयता कार्यान्वयन पश्चात तीनै तहका सरकारको लागत साझेदारीमा जर्खु र खैरावाङ लिफ्ट आयोजना कार्यान्वयन भइरहेको छन् । जसमा ८० प्रतिशत संघ, १३ प्रतिशत प्रदेश र सात प्रतिशत सारदा नगरपालिकाको लागत साझेदारी छ । लागत साझेदारी अन्तर्गत सारदाले आगामी आर्थिक वर्ष २०८३/०८४ मा स्वच्छ खानेपानी तथा सरसफाइ सेवामा नागरिकको पहुँच विस्तार गर्न निर्माणाधीन तथा प्रस्तावित खानेपानी आयोजना कार्यान्वयन गर्न ४५ करोड ७२ लाख ५० हजार बजेट विनियोजन गरेको छ ।

**ओम शाही**
**सुर्खेत, २१ असार ।**


सल्यानको सारदा नगरपालिकाका दुई हजार ६ सय ८५ घरधुरीमा दीगो र स्वच्छ खानेपानीको पहुँच विस्तार गर्न अघि बढाइएको जर्खु लिफ्टिङ खानेपानी आयोजनाले ३५ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ । यो आयोजनाले पूर्णता पाए सारदा नगरपालिकाका सात वडाका १० हजार सात सय ४० जनसंख्यामा सहज खानेपानीको पहुँच विस्तार हुनेछ ।

संघीय खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन विभाग, खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनामार्फत भ्याटसहित ४२ करोड लागतको जर्खु खानेपानी आयोजना कार्यान्वयन भइरहेको छ ।

आगामी वर्ष सम्पन्न गर्ने लक्ष्यका साथ अघि बढेको यो आयोजनामा विश्व बैंकको सहुलियतपूर्ण ऋण अनुदान छ भने आयोजना कार्यान्वयनको नेतृत्व सारदा नगरपालिकाले गरिरहेको छ । संघीयता कार्यान्वयन पश्चात तीनै तहका सरकारको लागत साझेदारीमा आयोजना कार्यान्वयन भइरहेको हो । जसमा ८० प्रतिशत संघ, १३ प्रतिशत प्रदेश र सात प्रतिशत सारदा नगरपालिकाको लागत साझेदारी छ ।

लागत साझेदारी अन्तर्गत नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ मा स्वच्छ खानेपानी तथा सरसफाइ सेवामा नागरिकको पहुँच विस्तार गर्न निर्माणाधीन तथा प्रस्तावित खानेपानी आयोजनाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न ४५ करोड ७२ लाख ५० हजार बजेट विनियोजन गरेको छ । कर्णाली प्रदेश सरकारले पनि आगामी वर्षका लागि सुर्खेतको भेरी लिफ्ट र जर्खु खानेपानीका लागि ३० करोड बजेट व्यवस्थपन गरको छ ।







विश्व बैंकको ऋण सहयोग तथा प्रदेश र स्थानीय तहको लागत साझेदारीमा कर्णाली र सुदूर पश्चिम प्रदेशका ६ वटा पालिकाहरु (सुर्खेत वीरेन्द्रनगर नगरपालिका, सल्यानको शारदा नगरपालिका, डोटीको दिपायल सिलगढी नगरपालिका तथा कैलालीको बर्दगोरिया, जोशीपुर र जानकी गाउँपालिका) मा दीगो तथा सुधारिएको खानेपानी आपूर्ति र सरसफाइ सेवा उपलब्ध गराउने एवं सेवा प्रवाहको स्थानीय क्षमतामा अभिवृद्धि गर्ने लक्ष्यका साथ यो कार्यक्रम आर्थिक वर्ष २०७८/०७९ बाट लागु भएको थियो ।

यस आयोजनाको कुल लागत एक सय मिलियन अमेरिकी डलर छ भने विश्व बैंकबाट प्राप्त हुने ८० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋणका रुपमा लगानी भइरहेको छ । खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना अन्तर्गत शारदा आयोजना कार्यान्वयन इकाईका परियोजना व्यवस्थापक दिपक महर्जनले हालसम्म आयोजनाले ३५ प्रतिशत भौतिक प्रगति हाँसिल गरेको बताए ।

उनका अनुसार सारदा नगरपालिका-१० स्थित जर्खु मुलबाट लिफ्ट प्रविधिको प्रयोग गरी सोही वडाको शिद्ध पार्कमा निर्माण हुने चार लाख लिटर क्षमताको मुख्य ट्याङ्कीमा पानी भण्डारण गरिनेछ ।

त्यसपश्चात वडा नम्बर ४, ५, ६, ८, ९ र १० का प्रत्येक घरधुरीमा खानेपानी पुऱ्याइने छ । महर्जनका अनुसार मुहानदेखि मुख्य ट्याङ्की शिद्ध पार्कसम्म ५.५ किलोमिटर उच्च गुणस्तरको डीआई पाइप विस्तार गरिने छ भने यो दुरीमा पाँच स्थानमा लिफ्ट प्रविधि जडान हुनेछन् ।

अहिले जर्खु मुहान क्षेत्रमा इन्टेक, पानी प्रशोद्धन प्लाण्ट, मुहानबाट मुख्य ट्याङ्की क्षेत्रसम्म डीआई

बाँकी ३ पेजमा

## सञ्चार क्षेत्रका समस्या समाधानका लागि रचनात्मक सुझावसहित संवादमा आउन सञ्चारमन्त्रीको आग्रह

**युग संवाददाता**
**ललितपुर, २१ असार ।**

सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले सञ्चार क्षेत्रका समस्या आन्दोलन वा एकल विषयमा केन्द्रित बहसभन्दा पनि समग्र रूपमा समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै नेपाल पत्रकार महासङ्घलाई रचनात्मक सुझावसहित संवादमा आउन आग्रह गरेका छन् ।

नेपाल पत्रकार महासङ्घले आज ललितपुरमा आयोजना गरेको 'बदलिँदो परिस्थितिमा प्रेस स्वतन्त्रताः सञ्चार कानुन र जिम्मेवार पत्रकारिता' विषयक राष्ट्रिय सम्मेलनमा सञ्चारमन्त्री तिमिल्सिनाले सरकारले प्रेस स्वतन्त्रता, सञ्चार कानुन सुधार तथा पत्रकारितासँग सम्बन्धित सबै विषयमा संवादका ढोका खुला राखेको स्पष्ट पारे । संवादका ढोका बन्द गरिएको भन्ने महासङ्घको सत्य नभएको उल्लेख गर्दै उनले सरकार सरोकार भएकाहरूसँग छलफल र सहकार्य गर्न तयार रहेको बताए ।

उनले प्रेस स्वतन्त्रता लोकतन्त्रको आधारस्तम्भ भएको उल्लेख गर्दै नेपालको संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणमा सरकार पूर्ण प्रतिबद्ध रहेको बताए । संविधानले सुनिश्चित गरेका अधिकारको कार्यान्वयनमा कुनै अवरोध नरहेको दाबी गर्दै उनले सरकार प्रेस स्वतन्त्रता संरक्षण र प्रवर्द्धनका लागि सचेत रहेको स्पष्ट पारे ।

सञ्चारमन्त्री तिमिल्सिनाले सरकार जवाफदेही हुनुपर्ने विषयमा कुनै मतभेद नरहेको उल्लेख गर्दै सञ्चारमाध्यमले सरकारलाई निरन्तर खबरदारी गर्नुपर्ने बताए । "सरकार जिम्मेवार हुनुपर्छ भन्नेमा दुईमत हुन सक्दैन । सञ्चार माध्यमले प्रश्न उठाउनुपर्छ, तर त्यो तथ्य, प्रमाण र नैतिक आधारमा हुनुपर्छ," उनले भने ।

उनले समाचार, भ्रामक सूचना र नियतपूर्वक फैलाइने गलत सूचनाबीचको भिन्नता स्पष्ट रूपमा छुट्याउनुपर्ने आवश्यकता औंल्याउँदै सत्य, तथ्य र जिम्मेवारीमा आधारित पत्रकारितालाई अझ सुदृढ बनाउन सरकार र पत्रकार महासङ्घबीच समझदारी आवश्यक रहेको बताए ।

पत्रकारितालाई लोकतन्त्रको चौथो अङ्गका रूपमा उल्लेख गर्दै उनले यसलाई अझ बलियो, संस्थागत, विश्वसनीय र व्यावसायिक बनाउन सञ्चार मन्त्रालय तथा सरकार प्रतिबद्ध रहेको बताए । साथै पत्रकारिता जगत्ले पनि आफ्नो गरिमा, विश्वसनीयता र सामाजिक दायित्व कायम राख्न जिम्मेवार अभ्याससलाई प्राथमिकता दिनुपर्ने

बाँकी ३ पेजमा

### गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं ।

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
- अत्यधिक घाममा लामो समयसम्म नबसौं,
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

Bhawani Auto Workshop Birendranagar-Surkhet

☎ ९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

# भवानी अटो वर्कसप

वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA

Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु

- ✓ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- ✓ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- ✓ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- ✓ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- ✓ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- ✓ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



## सम्पादकीय....

# कर्णाली कहिले बन्ला ऊर्जा उत्पादनको केन्द्र ?

अघि बढेको जगदुल्ला जलविद्युत् आयोजना कर्णालीको ऊर्जा विकास इतिहाँसमा एउटा नयाँ अध्याय हो । लामो समयसम्म कागजमै सीमित बनेका आयोजना र अनिश्चितताबीच रहेको कर्णालीका लागि सुरुङमार्ग निर्माणको औपचारिक सुरुवात केवल एउटा परियोजनाको प्रगति मात्र होइन, प्रदेशको जलस्रोत विकासप्रतिको विश्वास पुनःस्थापित गर्ने संकेत पनि हो । यदि निर्धारित समयमै सम्पन्न गर्न सकियो भने यो आयोजना कर्णालीको आर्थिक रूपान्तरणको आधार बन्न सक्छ । कर्णालीलाई प्रकृतिले अपार जलस्रोत दिएको छ । झण्डै दुई दशकअघि गरिएका अध्ययनहरूले मात्रै करिब १८ हजार मेगावाट विद्युत् उत्पादनको सम्भावना औंल्याएका थिए । तर, यति ठूलो सम्भावना हुँदाहुँदै पनि कर्णाली आजसम्म ऊर्जा उत्पादनको केन्द्र बन्न सकेको छैन । यसको मुख्य कारण प्राकृतिक स्रोतको अभाव होइन, राज्यको प्राथमिकतामा कर्णाली नपर्नु, कमजोर नीतिगत प्रतिबद्धता र लगानी अभाव हो । धैरै आयोजना सम्भाव्यता अध्ययनसम्म पुगेर रोकिएका छन् । अध्ययन गर्ने तर वित्तीय स्रोत जुटाउन नसक्ने प्रवृत्तिले पनि कर्णालीका जलविद्युत् आयोजना वर्षौंदेखि झोलामा थन्किएका छन् । सम्भावना र उपलब्धिबीचको यही दूरी घटाउनु अहिलेको सबैभन्दा ठूलो चुनौती हो ।

यही पृष्ठभूमिमा डोल्पाको १०६ मेगावाट क्षमताको जगदुल्ला जलविद्युत् आयोजना विशेष महत्वको छ । करिब २३ अर्ब रुपैयाँ लागतको यो अर्धजलाशययुक्त आयोजना अब निर्माणको चरणमा प्रवेश गरेको छ । विस्तृत परियोजना अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा अधिग्रहण, विद्युत् खरिद-बिक्री सम्झौता र वित्तीय व्यवस्थापनजस्ता जटिल प्रक्रिया पूरा गरेर सुरुङमार्ग निर्माण सुरु हुनु आफैंमा महत्वपूर्ण उपलब्धि हो । अझ स्वदेशी बैंक तथा वित्तीय संस्थाको लगानी, सरकारी स्वामित्व र स्थानीय सहभागिताको संयोजनले यो आयोजना आत्मनिर्भर ऊर्जा विकासको उदाहरण बनेको छ । यस आयोजनाको महत्व विद्युत् उत्पादनमा मात्र सीमित छैन । आयोजनाले भेरी नदीमाथि पक्की पुल, पहुँच सडक र बेली पुल निर्माण गरेर डोल्पाको यातायात तथा पूर्वाधार विकासमा प्रत्यक्ष योगदान दिएको छ । सडक विस्तारले स्थानीय जनजीवन, व्यापार र पर्यटनमा नयाँ सम्भावना सिर्जना गरेको छ । रारा, शे-फोक्सुण्डो, जगदुल्ला ताल र उपल्लो डोल्पासम्मको पहुँच सहज हुनु पर्यटन अर्थतन्त्रका लागि पनि सकारात्मक संकेत हो ।

जलविद्युत् आयोजना केवल ऊर्जा उत्पादन गर्ने संरचना मात्र होइनन्, समग्र स्थानीय विकासको माध्यम पनि हो । जगदुल्ला आयोजना अर्को अर्थमा पनि उदाहरणीय छ । कर्णाली प्रदेश सरकारले पाँच प्रतिशत शेयर लगानी गरेको छ भने प्रभावित स्थानीय तहहरूको पनि स्वामित्व सुनिश्चित गरिएको छ । यसले स्थानीय समुदायलाई आयोजनाको प्रत्यक्ष साझेदार बनाएको छ । आगामी दिनमा प्राप्त हुने राजस्व, रोजगारी र पूर्वाधार विकासबाट प्रदेशले दीर्घकालीन लाभ लिन सक्ने आधार तयार भएको छ । अब जगदुल्ला जस्तै अन्य आयोजनालाई पनि अघि बढाउनतर्फ सरकारले ध्यान दिनु पर्दछ । कर्णालीका अन्य सम्भाव्यता अध्ययन सम्पन्न भएका आयोजना पनि समयमै निर्माणमा लैजान संघ, प्रदेश र निजी क्षेत्रबीच प्रभावकारी सहकार्य हुनुपर्छ । ऊर्जा उत्पादनबाट प्राप्त आम्दानीलाई स्थानीय विकास, औद्योगिकीकरण र रोजगारी सिर्जनासँग जोड्न सकिए मात्र कर्णालीको जलस्रोत वास्तविक समृद्धिको आधार बन्नेछ । प्राकृतिक सम्भावनालाई राजनीतिक प्राथमिकतामा रूपान्तरण गर्ने बेला अब टरिसकेको छ ।

## विश्व

# ऊर्जा सङ्कटपछि भारतले तेल अन्वेषण विस्तार गर्ने

**नयाँदिल्ली, २१ असार ।** मध्यपूर्वमा भएको युद्धका कारण ऊर्जा आपूर्तिमा आएको अवरोधपछि भारतले स्वदेशी कच्चा तेलको अन्वेषण तथा उत्पादन विस्तार गर्ने योजना अघि बढाएको छ ।

भारतका पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री हर्दिपसिंह पुरीले ऊर्जा सङ्कटले स्वदेशी स्रोतको विकासलाई प्राथमिकता दिन नयाँ प्रेरणा दिएको बताएका छन् ।

विश्वको तेस्रो ठूलो कच्चा तेल आयातकर्ता तथा दोस्रो ठूलो एलपीजी आयातकर्ता भारतले अमेरिका-इरान द्वन्द्वका क्रममा 'स्ट्रेट अफ होर्मुज'मा लगाइएका प्रतिबन्धका कारण ऊर्जा आपूर्तिमा अवरोधको सामना गरेको थियो । अमेरिका र इरानबीच युद्ध रोक्ने अस्थायी सहमतिपछि खाडी क्षेत्रबाट तेल तथा ग्यास ढुवानी पुनः सुरु भएको छ भने बजारमा मूल्य स्थिर हुन थालेको छ । मन्त्री पुरीका अनुसार भारतले हालसम्म अन्वेषण नगरिएका करिब दुई लाख ५० हजार वर्ग किलोमिटर क्षेत्रमा तेल तथा ग्यास अन्वेषणका लागि बोलपत्र आह्वान गर्ने तयारी गरिरहेको छ ।

भारतको तेल मन्त्रालयका अनुसार आर्थिक वर्ष २०२५/२६ मा स्वदेशी कच्चा तेल उत्पादन दुई करोड ५९ लाख ८० हजार मेट्रिकटन रहेको थियो । यो उत्पादनले भारतको कुल कच्चा तेल आवश्यकताको करिब १० प्रतिशत मात्र पूरा गर्छ ।

ऊर्जा आपूर्तिको विविधिकरणका लागि भारतले कच्चा तेल आयात गर्ने देशको सङ्ख्या २७ बाट बढाएर ४१ पुर्‍याएको छ । यस क्रममा इरान, भेनेजुएला, रुस तथा विभिन्न अफ्रिकी मुलुकबाट पनि आयात बढाइएको छ । रुसी तेल खरिदका विषयमा अमेरिका र युरोपबाट आलोचना भए पनि मन्त्री पुरीले भारतले वैचारिक दृष्टिकोणभन्दा आफ्ना ऊर्जा आवश्यकतालाई प्राथमिकता दिएको बताएका छन् ।

भारतको स्वदेशी कच्चा तेल उत्पादन मुख्यतः मुम्बईको अपतटीय क्षेत्र, राजस्थान, गुजरात तथा आसाममा केन्द्रित छ । मन्त्री पुरीले अन्डमान तथा निकोबार द्वीप आसपासको समुद्री क्षेत्रलाई ऊर्जा सम्भावनाले भरिएको क्षेत्रका रूपमा उल्लेख गर्दै त्यहाँ गहिरो समुद्री क्षेत्रमा अन्वेषणलाई तीव्र पारिने बताएका थिए ।

उहाँका अनुसार भारतले गहिरो समुद्री अन्वेषणका लागि पेट्रोब्रास, टोटलएनर्जीज, बीपी, शेल तथा एक्सनमोबिलजस्ता अन्तरराष्ट्रिय कम्पनीसँग सहकार्य गरिरहेको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०२५ मा 'समुद्र मन्थन' अभियान घोषणा गर्दै समुद्रमुनिको तेल तथा ग्यास भण्डारको खोजीलाई राष्ट्रिय प्राथमिकतामा राखेका थिए ।

सरकारले सन् २०७० सम्म कार्बन तटस्थता हासिल गर्ने लक्ष्य राखे पनि तीव्र आर्थिक वृद्धि र बढ्दो ऊर्जा मागका कारण तेलको खपत निरन्तर बढिरहेको छ । भारतले नवीकरणीय ऊर्जा, आणविक ऊर्जा तथा इथेनोल मिश्रित इन्धनको प्रयोग विस्तार गर्दै ऊर्जा स्रोतको विविधिकरणमा पनि लगानी बढाइरहेको छ ।

# सय दिनमा कस्तो बन्यो प्रधानमन्त्रीको छवि ?



किशोर नेपाल



राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहले संघीय गणतन्त्र नेपालको प्रधानमन्त्रीको पदभार सम्हाल्नुभएको एक सय दिन बितेको छ । यस अवधिमा देशमा धैरै ठूला उथलपुथल भएका छन् । सबैभन्दा पछिल्लो उथलपुथल हो- हरियो रंग पोतिएका साझा यातायातका सार्वजनिक बसहरू अब नीलो रंगमा सजिनेछन् । नीलोलाई शान्तिको रंग मानिन्छ । नेपालको झन्डाको किनारको रंग नीलो छ । वालेन्द्र सरकारले नीलो रंगको सम्मान गरेर हरिया रंगका बसहरूमा नीलो पोत्न लागेको हो भने यसलाई उचित नै मान्नुपर्ला ।

नीलो आकाशले ढाकिएको नेपालको राजधानी सहरमा कुनै समय हरियो रंगको महिमा थियो । काठमाडौं कृषि कर्मका लागि प्रसिद्ध थियो । काठमाडौं उपत्यकाका फाँटहरूमा उब्जिने तरकारी र अन्नपातले राजधानी सहरलाई आत्मनिर्भर बनाएको थियो । बिस्तारै काठमाडौं सहरले चोला फेर्‍यो । उपत्यकाका उर्वर फाँटहरूमा ठूला-ठूला सरकारी भवन र निजी आवास बन्न थाले । सहरको आधुनिकीकरणसँगै यसको मौलिक चरित्र बदलियो । काठमाडौं अन्तर्राष्ट्रिय सहरका रूपमा विकसित हुँदै गयो । बेला-बेलामा देशको राजधानी काठमाडौंबाट काभ्रे जिल्लाको ऐतिहासिक सहर बनेपा वा नुवाकोट जिल्लाको बट्टारमा सार्ने विचार चर्चामा नआएको होइन । तर, त्यो सम्भव थिएन । काठमाडौंको 'राजकीय' छवि मनमोहक थियो ।

त्यति बेलाका शासक-प्रशासकहरूले, जानेर वा नजानेर, काठमाडौं सहरमा बचे-खुचेका हरित संस्कृतिको महत्त्व स्थापित गर्न हरियो रंगको जगेर्ना गरे । सहरमा चल्ने साझा यातायातका बसहरूलाई हरियो रंगले सिंगारियो । प्रतीकात्मक हिसाबले भए पनि, हरियाली जोगाउन ठाउँ-ठाउँमा ठूलासाना पार्कहरूको निर्माण भयो । काठमाडौं सहरले व्यापारिक 'मल' संस्कृति अपनाएको छ । अहिले जमाना बदलिएको छ ।

जेन-जीका नाममा काठमाडौं सहरले विध्वंसको सामना गर्‍यो । यो विध्वंस सुनियोजित थियो भन्नेमा कुनै शंका छैन । यही पृष्ठभूमिको आडमा 'अदृश्य' शक्ति जुर्मुरायो । त्यसपछि सुरु भएको अभूतपूर्व राजनीतिक खेलमा स्थापित राजनीतिक शक्तिका विभिन्न समूहबीच आपसमा घात-प्रतिघातको खेल सुरु भयो । मुख्य रूपले कांग्रेस, एमाले, माओवादी र विभिन्न खेमामा बाँडिएका दलहरूमा तीव्र विचलन र स्खलन सुरु भयो । दलका नेतामा दूरदृष्टिको अभाव देखियो । उनीहरूले जेन-जीका नाममा भएको 'विद्रोह' लाई सामान्य रूपमा लिएको देखियो । जेन-जी विद्रोह स्वतन्त्र थियो कि निर्देशित ? नेपाली कांग्रेसका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले यसको निर्क्योल गरेका थिएनन् । तर, विशेष अधिवेशनका नाममा उनीहरूले पार्टी सत्तामाथि आफ्नो 'कब्जा' जमाए । उनीहरूलाई निर्वाचन आयोग, सर्वोच्च अदालत जस्ता संस्थाबाट मान्यता प्राप्त भयो । यसपछि तथ्यहरू खुल्दै गए ।

विशेष अधिवेशनका नाममा कांग्रेसमा भएको यो अघोषित विभाजनको प्रभावको असर अन्य राजनीतिक दलहरूमा पर्नु अस्वाभाविक थिएन । कांग्रेसको विभाजनसँगै एमाले र माओवादीमा पनि त्यही खेल सुरु भयो । जेन-जी आन्दोलनका नाममा आएको भीडले कांग्रेसका सभापति शेरबहादुर देउवा लगायतका नेताहरूलाई अपमानित गर्‍यो । पार्टीका अन्य नेताले पनि नराम्रो 'बेइज्जती' खेप्नुपर्‍यो । विशेष अधिवेशनका नाममा स्थापित भएको कांग्रेसको नेतृत्वले यी घटनाहरूमा कुनै चासो दिएको देखिएन । विशेष अधिवेशनबाट स्थापित भएका नेताहरू कसैमा पनि विस्थापित नेताहरूमा किञ्चन सद्भावना रहेको देखिएन ।

जेन-जी विद्रोह र प्रमुख राजनीतिक दलहरूभित्रका 'रगडा' हरूको पृष्ठभूमिमा भएको चुनावमा कांग्रेस, एमाले र माओवादी लगायतका दलहरूले अपमानजनक पराजय भोग्नुपर्‍यो । विशेष अधिवेशनपछि 'बदल्यौं कांग्रेस, बदल्छौं देश' भन्ने नारा बोकेर चुनाव लड्न पुगेका कांग्रेसका नेताहरूलाई रवि लामिछानेको नेतृत्वमा स्थापित राष्ट्रिय स्वतन्त्र पार्टीले पराजित गरिदियो ।

आफ्नो लोकप्रियताप्रति विश्वस्त रहेर कांग्रेसको झन्डा ओढेर चुनाव लडन सर्लाही पुगेका गगन थापालाई जनताले पत्याएनन् । उनको पराजयले उनैले आयोजना गरेको ' विशेष अधिवेशन' को धज्जी उडायो । गगन र विश्वको चञ्चल राजनीतिले कांग्रेस बाहिरका शक्तिहरूलाई मजबुत बनाउन ठूलो मद्दत गर्‍यो । खास गरेर, सामाजिक सञ्जालको प्रयोगमा विशेषज्ञता प्राप्त गरेका राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूले सामाजिक सञ्जाललाई बलियो हतियारका रूपमा प्रयोग गरे । कांग्रेसका गगनले आफ्नो राजनीतिक कौशल र विविध सम्बन्धहरूलाई महत्त्वपूर्ण मानेको देखियो ।

संसदीय चुनावमा झन्डै दुईतिहाइ मतले विजयी भएको राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहले प्रधानमन्त्रीमा नियुक्तिपछि देखाउनु भएको व्यवहार अत्यन्त अस्वाभाविक रहेको छ । संसदीय पद्धति अनुसार, राष्ट्रपतिलाई आफ्नो सरकारको नीति र कार्यक्रम वाचन गर्न निम्त्याउने वालेन्द्रले स्वयं राष्ट्रपतिले वाचन गर्दागर्दै आफ्नो आसनबाट उठेर संसद् बैठकबाट बाहिरिनु आफैंमा अभद्र व्यवहार थियो । वालेन्द्रले नेपालको संविधान अनुसार भएको चुनावको रणभूमिमा विजय हासिल गर्नु भएको थियो । संविधानको मर्यादा तोड्ने अधिकार उहाँलाई थिएन । प्रधानमन्त्रीले यो कुरा नबुझ्नुभएको थिएन । तर, संसद्मा उहाँको यो व्यवहारबारे खासै प्रश्न उठेको देखिएन । प्रश्न उठाउने जेहेनदार व्यक्तिहरू संसदीय चुनावमा हारेकाले पनि यस्तो भएको हुनुपर्दछ । चुनाव जितेर शक्तिशाली ओहोदामा पुग्नेबित्तिकै आफू सर्वशक्तिसम्पन्न भएको सोच्ने प्रवृत्तिलाई हाम्रो देशको राजनीतिक विडम्बना नै मान्नुपर्छ ।

प्रधानमन्त्री वालेन्द्रले प्रधानमन्त्री भएको एक सय दिनभित्र के के काम गर्नुभयो ? यस कुरामा जनताले चासो राख्नु अस्वाभाविक होइन । देशको नेताका रूपमा प्रधानमन्त्रीले लिएको निर्णयका बारे जनतामा चासो रहनु स्वाभाविक हो । सामाजिक सञ्जाल र नियमित समाचारपत्रहरूमा उहाँका कामकारबाहीका चर्चा हुने गर्छन् । जनताको यो जिज्ञासा पूरा गर्नु प्रधानमन्त्रीका सहयोगीहरूको कर्तव्य हो । तर, अहिले त्यस्तो देखिएको छैन । विभिन्न कूटनीतिक नियोगका प्रतिनिधिहरूलाई सामूहिक दर्शन भेटका लागि बोलाउनु ठूलो काम होइन ।

अथवा, आफ्ना साथी-संगातीहरूलाई बोलाएर उनीहरूसँग राय-सल्लाह लिनु नै कुनै महत्त्वपूर्ण काम होइन । कामका नाममा सरकारी कर्मचारीहरूलाई जथाभावी गिजोल्न खोज्नु पनि काम होइन । प्रधानमन्त्रीले आफ्ना सहयोगीहरूमार्फत जनताको भावना बुझ्नु र तदनुरूप समस्याको समाधान निकाल्नु उहाँको कर्तव्य हो । तर, प्रधानमन्त्री वालेन्द्रले आफ्नै अग्रसरतामा काठमाडौं उपत्यकाका नदी किनारामा बसोबास गरिरहेका सुकुमवासी हटाउनुभयो । तर, तिनको पुनर्वासको अझै टंगो लागेको छैन । वालेन्द्र नेतृत्वको सरकारको बनोट हेर्दा यसमा सबैजसो हुनेखाने वर्गका व्यक्तिहरू समावेश देखिन्छन् ।

तर, प्रधानमन्त्रीले तिनलाई आफ्ना दायित्वप्रति जिम्मेवार बनाएको देखिँदैन । यो पक्कै पनि सुखद कुरा होइन । नेपालमा अहिले संघीय गणतान्त्रिक व्यवस्था छ । हिजोको व्यवस्था होइन, यो । यसलाई कसले औंला ठड्याउँछ ? भन्ने भावमा नेताहरू कुर्लिएका देखिन्छन् । तर, २४ भदौको संकटले अहिलेसम्म सबैलाई हाराबारा खेलाएको छ । प्रधानमन्त्री बालेनको मुखारविन्दबाट वचन र भावहरू त प्रकट भइरहेका छन् । तर, त्यसमा कारणहरू निहित रहेका छैनन् । यो कुरा के हो त ? यस्तो किन भएको छ ? प्रधानमन्त्री वालेन्द्रले सोच्नुभएको छ त ?

देशको सत्ता र सरकार चलाउन 'मैले सक्छु' भनेकै भरमा नेपालमा बारम्बार प्रधानमन्त्री फेरिएका छन् । 'अरूले गर्न सकेनन्, मैले गर्न सक्छु' भन्नेहरू अहिलेको बहुमत प्राप्त राष्ट्रिय पार्टीभित्रै प्रशस्त भेटिन्छन् । प्रधानमन्त्री बन्न इच्छुक व्यक्तिको मनमा त्यस्तो कुरा गर्ने 'दुस्साहस' किन उत्पन्न हुन्छ ? प्रधानमन्त्री वालेन्द्रको मनमा पनि त्यस्तो कुरा उठेको हुन सक्छ । सबै देशका आ-आफ्नै समस्या हुन्छन् । कुनै प्रधानमन्त्रीले चाहँदैमा देशको आर्थिक वृद्धिदर रातारात बदलिन सक्दैन ।

प्रधानमन्त्रीको वरिपरि जम्मा भएका स्वार्थ समूहको समर्थनले हुने-खाने र गर्ने-गराउने केही होइन । जुन वर्गको व्यक्ति वा जातिको हातमा मुलुकको डाडु-पन्यु हुन्छ, त्यसले आफ्नो वर्गीय हितबाहेक अरू कसैको हितमा केही गर्न सक्दैन ।

अहिलेको नेपालमा यही अवस्था विद्यमान रहेको छ । नेपालमा आज कांग्रेस, एमाले, माओवादी र मधेशका दलहरूको नेतृत्वको स्थिति अस्पष्ट छ । पुराना पार्टीका नेताहरूको अवस्था मच्चियो, मच्चियो, थच्चियो जस्तो देखिएको छ । उनीहरूका अगाडि रहेका कुनै परिकल्पना कामलाग्दो अवस्थामा देखिँदैनन् ।

प्रधानमन्त्री वालेन्द्रका बारेमा जनताले यतिखेर जे-जे भ्रमहरू पालेका छन्, त्यो पाल्न दिनुपर्छ । किनभने, भ्रमहरूले सामान्य मानिसका लागि जीवनदायी शक्तिको काम गर्छन् । प्रधानमन्त्री शाह कलाकार हुनुहुन्छ, गायक कलाकार । उहाँको 'र्‍याप' गायकी, उहाँको झपक्क पालेको दाह्री र उहाँको कामकाजी शैली महानताको प्रतीक बनिसकेका छन् । प्रधानमन्त्रीले आफ्नो महानता कसरी जोगाउनुहुनेछ ?

यो उहाँको निजी चिन्ता मात्र होइन । प्रधानमन्त्रीका रूपमा उहाँले आफ्नो कामको प्राथमिकता तोक्नुभएको छैन । किनभने, प्रधानमन्त्रीका लागि आफ्नो कामको प्राथमिकता तोक्नु त्यति सजिलो छैन । काम एउटा भए पो प्राथमिकता तोक्नु ? अहिले उहाँ आफ्ना नियन्ता र 'काम' को थुप्रोका अगाडि घुँडो टेकेर निहुरिनु भएको छ । तर, नेपाली जनताको प्रधानमन्त्रीका रूपमा उहाँलाई कसैको अगाडि निहुरिने छुट छैन । उहाँले टाउको उठाएर सबै सत्यसँग साक्षात्कार गर्नुपर्छ । *(कान्तिपुर)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष** — अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । तापनि सहयोग गर्नेहरू प्रशस्तै भेटिनेछन् ।

**वृष** — पछिका लागि राम्रो सम्भावना देखिए पनि तत्काल सोचेको फाइदा नहुन सक्छ । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान् ।

**मिथुन** — अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपरे पनि प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । विभिन्न अवसरले पछ्याउनेछन् ।

**कर्कट** — पछिका लागि राम्रो सम्भावना देखिए पनि तत्काल सोचेको फाइदा नहुन सक्छ । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान् ।

**सिंह** — शरीरमा कमजोरी अनुभूति हुनेछ । गोपनीयता बाहिरिनाले पनि काममा पछि परिनेछ । स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला ।

**कन्या** — घुमफिर तथा मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ ।

**तुला** — प्रतिस्पर्धामा पछि परिने भयले सताउनेछ । तापनि द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । चुनौती चिर्दै काम बनाउन सकिनेछ ।

**वृश्चिक** — अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ । काममा केही अलमल तथा ढिलासुस्ती हुन सक्छ ।

**धनु** — हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ ।

**मकर** — हल्लाको पछि लाग्दा काममा केही अलमल भए पनि हिम्मतले काम लिँदा राम्रो फाइदा हुनेछ । छोटो समयमा उपलब्धि हातलागी हुनेछ ।

**कुम्भ** — आयआर्जनका स्रोत बढ्नेछन् भने उठ्नुपर्ने रकम हातलागी हुनेछ । कृषि, पशुपालन तथा व्यापारमा मनग्य लाभ हुनेछ ।

**मीन** — कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ । रचनात्मक काम प्रारम्भ गर्ने समय छ ।

व्यक्तित्व चर्चा :

# संघर्ष, सेवा र समाज रूपान्तरणका यात्री धर्मराज शाही







✍ पृथ्वी बहादुर सिंह

कुनै व्यक्तिको महानता उसले प्राप्त गरेको पद, प्रतिष्ठा वा सम्पत्तिले मात्र निर्धारण गर्दैन, बरु उसले समाजका लागि गरेको योगदान, बुझेको जिम्मेवारी र देखाएको सेवा भावले निर्धारण गर्छ। यही दृष्टिले हेर्दा धर्मराज शाही संघर्ष, इमानदारी, सेवा र समाज रूपान्तरणका प्रेरणादायी व्यक्तित्वका रूपमा चिनिन्छन्। उनको जीवनयात्रा कठिनाइसँग जुध्दै शिक्षा, सामाजिक उत्तरदायित्व, अनुसन्धान, परोपकार र राष्ट्रप्रतिको समर्पणको अनुपम उदाहरण बनेको छ।

वि.सं. २०३३ साल वैशाख ८ गते मंगलबार दैलेख जिल्लाको तत्कालीन काशीकाँध गाउँ विकास समितिको हाल महाबु गाउँपालिका-५ बडामन गाउँमा मध्यमवर्गीय परिवारमा उनको जन्म भएको हो। पिता हर्कबहादुर शाही र माता देवकला शाहीका एक मात्र सुपुत्रका रूपमा जन्मिएका धर्मराज शाहीले बाल्यकालदेखि नै अनुशासन, परिश्रम र संस्कारलाई जीवनको आधार बनाए। पारिवारिक वातावरणले उनमा इमानदारी, सहयोग र समाजप्रतिको उत्तरदायित्वको भावना विकास गरायो।

उनको प्रारम्भिक शिक्षा आफ्नै गाउँको भाषा पाठशालाबाट सुरु भयो। स्थानीय समुदायको योगदान र पूर्वजहरूले दान दिएको जग्गामा सञ्चालन भएको विद्यालयसँग उनको भावनात्मक सम्बन्ध पनि जोडिएको छ। त्यही विद्यालयबाट आधारभूत शिक्षा पूरा गरी थप अध्ययनका लागि उनी सुर्खेत पुगे। उषा बालबालिका बोर्डिङ स्कुलबाट अध्ययन गर्दै २०५१ सालमा एसएलसी दोस्रो श्रेणीमा उत्तीर्ण भए।

त्यसपछि उच्च शिक्षातर्फ अघि बढ्दै इन्टरमिडिएड तथा स्नातक, स्नाकोत्तर तहको अध्ययन सफलतापूर्वक सम्पन्न गरे। शिक्षा नै जीवन परिवर्तनको सबैभन्दा ठूलो साधन हो भन्ने विश्वास उनले व्यवहारमै प्रमाणित गरे। शैक्षिक जीवनसँगै उनले २०५३ साल मङ्सिर १३ गते सुर्खेत क्याम्पसमा सहायक लेखापालका रूपमा सरकारी सेवामा प्रवेश गरेका थिए। सेवा अवधिभर आर्थिक अनुशासन, पारदर्शिता र जिम्मेवारीलाई उच्च प्राथमिकतामा राख्दै कार्य सम्पादन गरे। सरकारी सेवामा रहेर पनि समाजका लागि थप योगदान दिन सकिन्छ भन्ने उदाहरण उनले प्रस्तुत गरे।

व्यक्तिगत जीवनमा उनले आफ्नी सहपाठी बिमला कुमारी थापासँग वैवाहिक जीवन प्रारम्भ गरे। पारस्परिक विश्वास, सम्मान र समझदारीमा आधारित यो दाम्पत्य जीवनले सामाजिक तथा शैक्षिक अभियानलाई थप ऊर्जा प्रदान गर्‍यो। २०६० सालमा श्रीमतीको नाममा "देउती पुस्तक भण्डार" स्थापना गरी पुस्तक व्यवसाय सञ्चालन गरिनु पनि ज्ञान र शिक्षाप्रतिको उनीहरूको साझा प्रतिबद्धताको परिचय हो।

धर्मराज शाहीको जीवनको सबैभन्दा उल्लेखनीय पक्ष भनेको समाजसेवा र शैक्षिक रूपान्तरण प्रतिको समर्पण हो। उनको सक्रियतामा गैरनाफामूलक योगी नरहरिनाथ अध्ययन तथा अनुसन्धान प्रतिष्ठान सामाजिक संस्थामार्फत प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्संगको साझेदारीमा इन्जिनियरिङ, कृषि, वनविज्ञान र स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। सर्वसुलभ शुल्कमा गुणस्तरीय शिक्षा उपलब्ध गराउने उद्देश्यले सञ्चालन भएका यी कार्यक्रमहरूले विशेषगरी कर्णालीका युवालाई अवसर प्रदान गरेका छन्। आगामी दिनमा नर्सिङ शिक्षा सञ्चालन गर्ने योजना पनि ग्रामीण क्षेत्रका विद्यार्थीका लागि आशाको किरण बनेको छ।

धर्मराज शाहीको विश्वास छ "समाज बदल्न भाषणभन्दा अवसर आवश्यक हुन्छ र अवसरको सबैभन्दा बलियो माध्यम शिक्षा हो। यही सोचका कारण उनले संस्थागत विकास, अनुसन्धान र सीपमूलक शिक्षामा निरन्तर जोड दिएका छन्। उनको दृष्टिमा कर्णालीका युवाले आफ्नै प्रदेशमा गुणस्तरीय शिक्षा पाए भने रोजगारी, उद्यमशीलता र आत्मनिर्भरताको बाटो सहज बन्न सक्छ।

उनको जीवन परोपकार र दानशीलताको पनि प्रेरणादायी उदाहरण हो। विभिन्न शैक्षिक, धार्मिक र सामाजिक संस्थामा आर्थिक सहयोग प्रदान गर्दै उनले समाजप्रतिको उत्तरदायित्व निर्वाह गरेका छन्। आफ्नी माताको स्मृतिमा "देवकला शाही महिला छात्रा अक्षयकोष" स्थापना गर्नु, शैक्षिक छात्रवृत्ति अभियानमा सहकार्य गर्नु, विश्वविद्यालय, मन्दिर तथा धार्मिक संस्थाहरूलाई सहयोग गर्नुजस्ता कार्यहरूले उनको उदार सोचलाई प्रतिबिम्बित गर्छ। दानलाई प्रदर्शन होइन, सामाजिक लगानीका रूपमा हेर्ने उहाँको दृष्टिकोण अनुकरणीय छ।

परिवारतर्फ पनि उनले शिक्षालाई पहिलो प्राथमिकतामा राखेका छन्। उनका सुपुत्र विधान प्रकाशजंग शाही सूचना प्रविधि अध्ययनमा संलग्न छन् भने सुपुत्री समृद्धि आर.एल. शाही विद्यालय तहमा अध्ययनरत छिन्। आफ्ना सन्तानलाई मात्र होइन, समाजका सबै बालबालिकालाई गुणस्तरीय शिक्षा उपलब्ध हुनुपर्छ भन्ने उनको मान्यता छ।

राष्ट्रगुरु योगी नरहरीनाथका विचार, कृतित्व र योगदानको संरक्षण तथा प्रचार प्रसारमा धर्मराज शाही निरन्तर सक्रिय रहँदै आएका छन्। इतिहास, संस्कृति, अध्यात्म र राष्ट्रिय चेतनालाई नयाँ पुस्तासम्म पुऱ्याउनुपर्ने उहाँको धारणा छ। योग, ध्यान, प्राकृतिक जीवनशैली र जनस्वास्थ्यबीचको सम्बन्धलाई पनि उनले विशेष महत्व दिन्छन्। स्वस्थ नागरिकबाट मात्रै समृद्ध राष्ट्र निर्माण सम्भव हुन्छ भन्ने उनको विश्वास छ।

कर्णाली प्रदेशको समग्र विकासबारे उनको दृष्टिकोण पनि दूरदर्शी छ। पर्यटन, जडीबुटी, कृषि, पशुपालन, फलफूल, वन सम्पदा र प्राकृतिक स्रोतलाई आधुनिक व्यवस्थापनसँग जोडेर आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सकिने उनको तर्क छ। संघ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र र समुदायबीचको सहकार्यबाट कर्णालीलाई उत्पादन, अनुसन्धान र पर्यटनको केन्द्र बनाउन सकिने सम्भावना उनले बारम्बार औल्याउँदै आएका छन्।

राजनीतिप्रति उनको विचार पनि स्पष्ट छ। उनका अनुसार राजनीति सेवा, सुशासन र जनविश्वासको माध्यम बन्नुपर्छः व्यक्तिगत लाभ वा कमाइको साधन होइन। यदि सार्वजनिक जीवनमा प्रवेश गर्ने प्रत्येक व्यक्तिले सेवाभावलाई प्राथमिकता दिने हो भने भ्रष्टाचार, विभाजन र अविश्वास घट्दै जाने र सुशासनको आधार बलियो हुने उहाँको विश्वास छ।

नेपालका युवाप्रति उनको सन्देश अत्यन्त प्रेरणादायी छ। उनी भन्छन विदेश जानु बाध्यता हुन सक्छ, तर स्वदेशमै अवसर सिर्जना गर्नु भविष्य निर्माणको बाटो हो। प्राकृतिक स्रोत, श्रम, सीप र नवप्रवर्तनलाई जोडेर नेपाललाई आत्मनिर्भर बनाउन सकिने उनको दृढ विश्वास छ। युवाले आफ्नो ऊर्जा, सिर्जनशीलता र श्रम आफ्नै माटोमा प्रयोग गर्न सके देशको आर्थिक र सामाजिक रूपान्तरण सम्भव हुने उनको धारणा छ।

उनको योगदानको कदरस्वरूप विभिन्न पुरस्कार र सम्मान प्राप्त भएका छन्। राष्ट्रिय शिक्षा पुरस्कारसहित विभिन्न संघसंस्थाबाट सम्मानित हुनु उनको समर्पित कार्यको सार्वजनिक स्वीकारोक्ति हो। तर उनका लागि सबैभन्दा ठूलो पुरस्कार भनेको समाजमा आएको सकारात्मक परिवर्तन र विद्यार्थी तथा युवामा जागेको आशा हो।

धर्मराज शाहीको जीवनले एउटा महत्वपूर्ण सन्देश दिन्छन सफलता जन्मसिद्ध अधिकार होइन, निरन्तर संघर्ष, अनुशासन, शिक्षा र सेवाबाट प्राप्त हुने उपलब्धि हो। सीमित स्रोतबाट सुरु भएको यात्रा आज हजारौं युवाका लागि प्रेरणाको स्रोत बनेको छ। उनले देखाएको बाटोले बताउँछ कि एक व्यक्तिको दृढ इच्छाशक्ति, सकारात्मक सोच र समाजप्रतिको उत्तरदायित्वले धेरै जीवन परिवर्तन गर्न सक्छ।

आजका युवा पुस्ताले धर्मराज शाहीको जीवनबाट सिक्नुपर्ने मुख्य पाठ भनेको मेहनत गर्न कहिल्यै नछोड्नु, शिक्षालाई जीवनको आधार बनाउनु, समाजप्रति उत्तरदायी बन्नु र राष्ट्र निर्माणमा आफ्नो भूमिका इमानदारीपूर्वक निर्वाह गर्नु हो। जब व्यक्तिको सफलता समाजको सेवासँग जोडिन्छ, तब त्यो सफलता व्यक्तिगत सीमामा सीमित नरही पुस्तौंसम्म प्रेरणाको स्रोत बन्छ।

यस अर्थमा धर्मराज शाही केवल एक व्यक्तिको नाम मात्र होइन, संघर्षलाई सफलतामा, सफलतालाई सेवामा र सेवालाई समाज रूपान्तरणमा रूपान्तरण गर्ने प्रेरणादायी यात्राको प्रतिक हुन। उनको जीवनकथा प्रत्येक युवाका लागि एउटा सन्देश हो ठूलो सपना देख, इमानदार भएर मेहनत गर, समाजलाई केही फर्काऊ, अनि जीवन आफैं प्रेरणाको इतिहास बन्छ।

## जनशक्ति अभाव र रेडियशन मेसिन बन्द, खजुरा क्यान्सर अस्पतालमा समस्या




सरला सुवेदी
बाँके, २१ असार ।

पश्चिम नेपालको एकमात्र विशिष्टीकृत क्यान्सर उपचार केन्द्र सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, खजुरा जनशक्ति अभाव र अत्याधुनिक रेडियशन मेसिन लामो समयदेखि बन्द हुँदा गम्भीर सेवा संकटमा परेको छ। यसको प्रत्यक्ष असर लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हजारौं क्यान्सर बिरामीमा परेको छ।

उपचारका लागि टाढा जानुपर्ने, अतिरिक्त आर्थिक भार व्यहोर्नुपर्ने र समयमै उपचार नपाउँदा बिरामी तथा उनका परिवारले ठूलो सास्ती खेपिरहेका छन्। अस्पतालले २०७९ सालमा गरेको संगठन तथा व्यवस्थापन (ओएण्डएम) सर्वेक्षणले एक सय शय्याको अस्पताल प्रभावकारी रूपमा सञ्चालन गर्न ५६ जना विशेषज्ञ चिकित्सकसहित ४०९ जनाको जनशक्ति आवश्यक पर्ने उल्लेख गरेको थियो। तर उक्त प्रतिवेदन अझैसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत हुन नसक्दा आवश्यक दरबन्दी सिर्जना हुन सकेको छैन।

हाल अस्पतालमा १४ जना विशेषज्ञ चिकित्सक मात्रै कार्यरत छन्, ती सबै करार सेवामा छन्। सरकारले अस्थायी रूपमा १२९ जनाको दरबन्दी स्वीकृत गरे पनि अहिले १०२ जना मात्रै कार्यरत छन्। नियमित सेवा सञ्चालन गर्न अस्पतालले थप ४४ जना कर्मचारी ज्यालादारीमा राख्नुपरेको छ।

अस्पतालका कार्यकारी निर्देशक डा. निरज भट्टराईका अनुसार आवश्यक जनशक्ति नहुँदा सेवा विस्तार मात्र होइन, सञ्चालनमा रहेका सेवासमेत प्रभावकारी रूपमा सञ्चालन गर्न कठिन भइरहेको छ। अस्पतालले वार्षिक करिब ३० हजार बिरामीलाई सेवा दिँदै आएको भए पनि जनशक्ति अभावका कारण धेरै विभाग पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन्।

प्यालिएटिभ केयर, हेमाटो अंकोलोजी, साइकियाट्री तथा काउन्सिलिङ, न्युट्रिशनलगायतका अत्यावश्यक सेवासमेत अझै सुरु हुन सकेका छैनन्। यी सेवा नहुँदा क्यान्सर बिरामीले आवश्यक परामर्श, मानसिक स्वास्थ्य सहयोग, पोषण सेवा तथा विशेष उपचारका लागि अन्य अस्पताल धाउनुपर्ने बाध्यता रहेको छ।

त्यस्तै, करिब २७ करोड रुपैयाँ लागतको अत्याधुनिक लिन्याक (लिक्ब्याक) रेडियशन मेसिन वैशाख महिनादेखि बन्द भएपछि रेडियशन सेवा पूर्ण रूपमा प्रभावित भएको छ। यसअघि दैनिक २५ देखि ४५ जना बिरामीले यही अस्पतालबाट रेडियशन उपचार लिने गरेका थिए। अहिले भने उनीहरूलाई चितवन, काठमाडौं वा भारतका अस्पतालमा रेफर गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

यसले विशेषगरी आर्थिक रूपमा कमजोर बिरामीलाई थप मर्कामा पारेको छ। उपचारसँगै यात्रा, बसोबास र खानपानको अतिरिक्त खर्च व्यहोर्नुपर्ने भएकाले धेरै परिवार आर्थिक संकटमा परेका छन् भने केही बिरामी समयमै उपचार नपाएर थप जोखिममा पर्ने अवस्था देखिएको छ।

अस्पताल प्रशासनका अनुसार मेसिन खरिदसम्बन्धी भुक्तानी विवादका कारण ४० प्रतिशत रकम रोकिएपछि आयातकर्ता कम्पनीले मेसिन पुनः सञ्चालनमा चासो नदेखाउँदा रेडियशन सेवा अवरुद्ध भएको हो। कार्यकारी निर्देशक डा. भट्टराईले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी मेसिन पुनः सञ्चालन र आवश्यक जनशक्ति व्यवस्थापनका लागि पहल भइरहेको जानकारी दिए।

## बाढीपहिरोले कर्णालीका दुई राजमार्ग अवरुद्ध

युग संवाददाता
काठमाडौँ, २१ असार ।

अविरल वर्षासँगै देशका विभिन्न क्षेत्रमा बाढी तथा पहिरोका घटना बढ्दै जाँदा कर्णाली प्रदेशका दुई प्रमुख राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएका छन्। नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेका अनुसार यही असार १७ गते परेको वर्षाका कारण रुकुमपश्चिमको आठबिसकोट नगरपालिका-६ स्थित रिजेगार्ड खोलामा आएको पहिरोले जाजरकोट-डोल्पा जोड्ने भेरी करिडोर अवरुद्ध भएको छ।

त्यसैगरी, रोल्पाको परिवर्तन गाउँपालिका-१, खोलावाङ क्षेत्रमा खसेको पहिरोका कारण घोराही-रुकुम सहिदमार्ग पूर्ण रूपमा बन्द भएको प्रहरीले जनाएको छ प्रवक्ता काफ्लेले अविरल वर्षाका कारण देशका विभिन्न मुख्य राजमार्ग प्रभावित बन्दै गएको उल्लेख गर्दै अवरुद्ध सडक खुलाउने प्रयास भइरहेको जानकारी दिए।

नेपाल प्रहरीले पूर्ण रूपमा अवरुद्ध भएका राजमार्ग सञ्चालन नहुँदासम्म यात्रा नगर्न तथा आंशिक रूपमा सञ्चालनमा आएका सडकमा अत्यधिक सावधानी अपनाएर मात्र यात्रा गर्न सर्वसाधारणलाई अनुरोध गरेको छ। प्रहरीले वर्षायाममा आवश्यक सतर्कता अपनाउन तथा यात्राअघि सम्बन्धित सडकको अवस्थाबारे प्रहरी, प्रशासनसँग जानकारी लिएरमात्र यात्रा गर्न आग्रह गरेको छ।

## जर्खु...

पाइप बिच्छ्याउनेदेखि शिद्ध पार्कमा चार लाख लिट क्षमताको पानी भण्डारण ट्याङ्की निर्माणाधिन अवस्थामा छन्।

आयोजनाको मुख्य प्रशारण लाईन अन्तर्गत लिफ्ट प्रविधि राखिने पाँच स्थानमा दुई लाख लिटर क्षमताका ट्याङ्कीसमेत निर्माण भइरहेको आयोजनाले जनाएको छ। हालसम्म प्रत्येक घरधुरीमा पानी पुऱ्याउन विस्तार हुने ९९ किलोमिटर मध्ये ४२ किलोमिटरमा पाइप बिच्छ्याउने कार्य सम्पन्न भएको छ। आयोजना निर्माण भए पश्चात ११ केभी विद्युतको सहायताले प्रति सेकण्ड ११ लिटर पानी लिफ्ट गरी नागरिकको घरसम्म पुऱ्याउने लक्ष्य राखिएको सारदा नगरपालिकाका नगर प्रमुख प्रकाश भण्डारीले बताए।

भण्डारीका अनुसार यो आयोजनाले नसमेटिने नगरका अन्य क्षेत्रमा ठुला लगानीका आयोजना पनि निर्माणाधिन अवस्थामा छन्। उनले वडा नम्बर १, ११, १२ का ११ सय ९९ घरधुरीमा बसोवास गर्ने ६ हजार पाँच सय ३८ जनसंख्यालाई खानेपानीको पहुँचमा पुऱ्याउन खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनामार्फत नै खैरावाङ सामुदायिक खानेपानी आयोजना गएको बैशाखबाट निर्माण थालिएको बताए।

२५ करोड ४३ लाख लागत रहेको उक्त आयोजना आगामी ७ भदौ २०८४ सम्म सञ्चालनमा आइसक्ने छ। यो आयोजनामा हालसम्मको भौतिक प्रगति १२ प्रतिशत छ। आयोजनाका ट्याङ्की, भवन लगायतका ठुला संरचना निर्माणको काम जारी रहेको नगर प्रमुख भण्डारीले बताए। उनका अनुसार वडा नम्बर १ स्थित सारदा नदीको किनारमा बोरिङ गरेर झण्डै साढे पाँच किलोमिटर पाइप लाईनमार्फत मुख्य ट्याङ्कीमा पुऱ्याइने पानी ५२ किलोमिटर लामो पाइप सञ्जालबाट प्रत्येक घरधुरीमा खानेपानका धारा जडान गर्ने लक्ष्य छ।

उनी भन्छन्, 'नगरपालिकामा कार्यान्वयन भइरहेका खानेपानी आयोजनाले अबको एक वर्षमा सबै नागरिकलाई दीगो र स्वच्छ खानेपानीको पुहँच विस्तार हुँदैछ। सारदा नगरपालिकाको भौगोलिक अवस्थितीका कारण लिफ्ट प्रविधिबाट खानेपानीको आपूर्ति गर्ने प्रयासमा म निर्वाचित भएर आएदेखि नै गरिरहेको छुँ। खानेपानीको सहज आपूर्तिमा समस्या भएका क्षेत्रमा साना लगानीका लिफ्ट खानेपानी बनाएर नगरवासीलाई खानेपानीको पहुँचमा पुऱ्याने प्रयास निरन्तर जारी छ।'

चार वर्षको अवधिमा नगरपालिका भर खानेपानीका क्षेत्रमा ठुलो लगानी भइरहेको उनको दावी छ। जर्खु र खैरावाङ लिफ्ट खानेपानी आयोजनाले पूर्णता पाए पश्चात १७ हजार दुई ७८ जनसंख्यामा दीगो तथा सुधारिएको खानेपानीको पहुँच विस्तार हुने नगर प्रमुख भण्डारीले बताए। सीमित स्रोत र साधनका बिच नागरिकका आधारभूत आवश्यकताहरु शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि लगायतका क्षेत्रमा नगरपालिकाले लगानी बढाउँदै लगेको भण्डारीले बताए।

## सञ्चार...

उनको भनाइ थियो।

सरकारी विज्ञापनको दुरुपयोग भएको जानकारी प्राप्त भएपछि सरकारले आवश्यक कदम चालेको उल्लेख गर्दै उनले सञ्चार क्षेत्रका समस्या कुनै एक विषयमा सीमित नरहेको बताए। विज्ञापन वितरण, सञ्चारमाध्यमको आर्थिक अवस्था, कानुनी सुधार, पत्रकारको व्यावसायिक सुरक्षा र संस्थागत विकासलगायत सम्पूर्ण पक्षलाई समग्र रूपमा सम्बोधन गरेर मात्र दीर्घकालीन समाधान सम्भव हुने उनले स्पष्ट पारे। यी समस्या समाधानका लागि महाङ्घले रचनात्मक र समाधानमुखी भएर सरकारसँग सहकार्य गर्नुपर्ने बताए।

अहिले विज्ञापनको विषयलाई लिएर पत्रकार महासंघलाई सडक आन्दोलनको बाटो रोज्नुपर्ने अवस्था नरहेको उल्लेख गर्दै उनले सञ्चार क्षेत्रका समस्या समाधानका लागि सरकारसँग औपचारिक संवाद र रचनात्मक छलफलमा सहभागी हुन आग्रह गरे। सञ्चार क्षेत्रलाई कसरी सुधार गर्न सकिन्छ भन्ने विषयमा सरोकारवालाबाट सुझाव लिन सरकार तयार मात्र नभई आतुर रहेको उनको भनाइ थियो।

सञ्चारमन्त्री तिमिल्सिनाले सक्षम, स्वतन्त्र र उत्तरदायी सञ्चार माध्यम लोकतन्त्रका लागि अपरिहार्य रहेको उल्लेख गर्दै सरकारको विज्ञापनमा मात्र निर्भर रहेका सञ्चार माध्यमले प्रभावकारी रूपमा सरकारको खबरदारी गर्न कठिन हुने धारणा राखे। त्यसैले सञ्चार संस्थाहरूले आफ्ना व्यावसायिक कार्ययोजना सुदृढ गर्दै आर्थिक रूपमा आत्मनिर्भर बन्नुपर्ने उनले बताए। सञ्चार माध्यम आर्थिक रूपमा सुदृढ नभएसम्म गुणस्तरीय पत्रकारिताको अपेक्षा गर्न कठिन हुने उनको भनाइ थियो।

उनले न्यूनतम पारिश्रमिक निर्धारण समितिले अपेक्षाअनुसार प्रभावकारी रूपमा काम गर्न नसकेको निष्कर्षसहित सरकारले उक्त समिति खारेज गरेको जानकारी दिए। आगामी दिनमा आवश्यकताअनुसार अल्पकालीन संयन्त्र गठन गरी सञ्चार क्षेत्रसँग सम्बन्धित विषयमा सुझाव लिने व्यवस्था गर्न सकिने उनले बताए।

समाजमा बढ्दै गएको नकारात्मक प्रवृत्तिलाई चिर्न सञ्चार क्षेत्रले सकारात्मक, तथ्यपरक र सन्तुलित सूचना प्रवाहमार्फत रचनात्मक भूमिका खेल्नुपर्नेमा उनले जोड दिए। स्वतन्त्रता भनेको स्वच्छन्दता नभएको उल्लेख गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले पत्रकारितामा गोपनीयताको अधिकारको सम्मान, पत्रकार आचारसंहिताको पूर्ण पालना तथा व्यावसायिक उत्तरदायित्वलाई उच्च प्राथमिकता दिनुपर्ने बताए। सरकारको नीति कुनै पनि अवस्थामा सूचना सङ्कुचन गर्ने नरहेको स्पष्ट पार्दै उनले समाचार हटाउन दबाब दिने वा हटाउने कार्य पत्रकारिता आचारसंहिताविपरीत हुने बताए।

उनले प्रेस काउन्सिल नेपाललाई अझ सक्षम, प्रभावकारी र विश्वसनीय नियामक संस्थाका रूपमा विकास गर्ने योजना सरकारले अघि बढाइरहेको जानकारी दिए। सञ्चार माध्यम पनि स्वनियमनमा बस्नुपर्ने र आफ्ना सामग्रीप्रति आफैं जिम्मेवार बन्नुपर्नेमा उनको जोड थियो।

सार्वजनिक सञ्चारमाध्यमलाई आर्थिक तथा प्रशासनिक रूपमा अझ पारदर्शी, स्वच्छ र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले सञ्चार क्षेत्रको समग्र सुधार र उन्नयनका लागि मन्त्रालय निरन्तर काम गर्न तयार रहेको बताए। "तपाईंहरू पनि नाजायज र गैरकानुनी कुरा बोकेर मन्त्रालयमा नआउनुहोला। तथ्य र प्रमाणका आधारमा उठाइएका हरेक विषय सुन्न पनि तयार छौं, समाधान गर्न पनि तयार छौं। सञ्चार क्षेत्रका सबै समस्याको समग्र समाधान खोजौं," उनले भने।

नेपाल पत्रकार महासङ्घकी अध्यक्ष निर्मला शर्माले सञ्चारसम्बन्धी कानुन, प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारिताबारे राष्ट्रिय बहसको आवश्यकता रहेको बताए। अब बन्ने संघीय सञ्चार कानुन कस्तो हुनुपर्छ, पत्रकार आचारसंहिताको प्रभावकारी कार्यान्वयन कसरी गर्ने तथा पत्रकार स्वयंको व्यावसायिक उत्तरदायित्व कसरी सुदृढ बनाउने भन्ने विषय सम्मेलनको प्रमुख छलफलका एजेन्डा रहेको उनले जानकारी दिए।

महासङ्घका पूर्वअध्यक्ष हरिहर विरहीले सञ्चार क्षेत्रसहित सबै क्षेत्रको मनोबल अभिवृद्धिका लागि सरकारले सकारात्मक पहल गर्नुपर्ने बताए। नयाँ सञ्चार कानुन निर्माण गर्दा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुनै पनि रूपमा खुम्चिन नदिने गरी कानुनी व्यवस्था गर्न सरकार संवेदनशील हुनुपर्ने उनको भनाइ थियो।

साथै पत्रकार आचारसंहिताको पालना, व्यावसायिक उत्तरदायित्व र पत्रकारिताको गुणस्तरबारे नेपाल पत्रकार महासङ्घले पनि गम्भीर आत्मसमीक्षा गर्दै स्वनियमनलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता उनले औंल्याए।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# सडक दुर्घटना र बाढीमा परी दुई जनाको मृत्यु

**युग संवाददाता**
**सुर्खेत, २१ असार ।**

डोल्पामा जीप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन्। जिल्लाको जगदुल्ला गाउँपालिका-४ मौरेलेखमा आइतबार (आज) दिउँसो जुम्लातर्फ जाँदै गरेको कर्णाली प्रदेश ००१ ज ००५२ नम्बरको बोलेरो जिप आफैं अनियन्त्रित भई सडकबाट झण्डै २०/२५ मिटर तल खसेर दुर्घटना भएको प्रहरीले जनाएको छ।



प्रहरीका अनुसार दुर्घटनामा जीपमा सवार त्रिपुरासुन्दरी नगरपालिका-८ डोल्पाका ३८ वर्षीय विष्णु थापाको घटनास्थलमै मृत्यु भएको छ। कर्णाली प्रदेश ट्राफिक प्रहरी प्रमुख प्रहरी उपरीक्षक मुकुन्द रिजालले जीपमा चालकसहित १४ जना सवार रहेको प्रारम्भिक जानकारी प्राप्त भएको बताए। उनका अनुसार चालकसहित अन्य १३ जना घाइते भएका छन्। घाइतेहरूको उद्धार गरी थप उपचारका लागि जुम्ला पठाइएको प्रहरीले जनाएको छ।

त्यस्तै, डोल्पामै बाढीमा परी एक महिलाको मृत्यु भएको छ। आइतबार राति अविरल वर्षापछि आएको बाढीमा परेर एक महिलाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन्। जिल्ला प्रहरी कार्यालय डोल्पाका अनुसार जगदुल्ला गाउँपालिका-५ गैरीगाउँमा आइतबार बिहान झन्डै ३ बजेको समयमा स्थानीय धुलाखोलामा आएको हिलोसहितको बाढी गाउँ पस्दा अन्दाजी ५५/५६ वर्षीया आनन्दा बिक घरभित्र पुरिएकी थिइन्।

प्रहरी र स्थानीयले उनको उद्धार गरेर स्थानीय स्वास्थ्य चौकी लैजाँदै गर्दा मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रमुख प्रहरी नायब उपरीक्षक अनिलराज गिरीका अनुसार बाढीमा परेर घाइते भएका ६ मध्ये पाँच जना उपचारपछि डिस्चार्ज भएका छन् भने एक जनालाई थप उपचारका लागि हेकिप्टरमार्फत कर्णाली प्रदेश अस्पतालमा पठाइएको छ। प्रहरीका अनुसार बाढीले स्थानीयको घरमा ठुलो क्षति पुर्‍याएको छ।

## सुदूरपश्चिमको बजेटः

# निरन्तरताभित्र नवीनता खोज्ने प्रयास

**युग संवाददाता**
**धनगढी, २१ असार ।**

हरेक वर्षका बजेटमार्फत सडक बन्छन्, पुल थपिन्छन्, सिँचाइ आयोजना अघि बढ्छन् र विद्यालय तथा अस्पतालका भवन निर्माणका घोषणा दोहोरिन्छन्। यस अर्थमा सुदूरपश्चिम प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट पनि अपवाद होइन। 'एक स्थानीय तहः दुई उत्पादन', 'एक घरः एक धारा', 'मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम', 'मुख्यमन्त्री शैक्षिक प्रोत्साहन छात्रवृत्ति'जस्ता कार्यक्रम विगतकै निरन्तरतास्वरुप आएका छन्।



प्रदेश सरकारले यसपटक भने बजेटमार्फत नयाँ सोच अगाडि सारेको छ। बजेटलाई विकासको परम्परागत परिभाषाभन्दा बाहिर निकाल्ने प्रयास गरिएको छ। प्रदेश सरकारले कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार र उद्यमलाई छुट्टाछुट्टै क्षेत्रका रूपमा नभई आपसमा जोडिएका विकासका आधारका रूपमा प्रस्तुत गरेको छ। उत्पादन, रोजगारी र पूर्वाधारसँगै सामाजिक रूपान्तरण, प्राकृतिक कृषि, डिजिटल सुशासन, युवा उद्यमशीलता र स्थानीय उत्पादनको 'ब्रान्डिङ'लाई प्राथमिकतामा राखेको छ।

यही असार १ गते ल्याएको रु ३७ अर्ब ७० करोडको बजेटमा सरकारले केही यस्ता कार्यक्रम अघि सारेको छ, जसको सफल कार्यान्वयन भएमा भौतिक पूर्वाधारमात्रै होइन सामाजिक क्षेत्रको विकासमा पनि सकारात्मक प्रभाव पर्नेछन्।

प्रदेश सरकारले आगामी आवलाई 'प्राकृतिक खेती रूपान्तरणको आधार वर्ष' घोषणा गरेको छ। सुदूरपश्चिमलाई प्राकृतिक तथा पर्यावरणमैत्री खेतीको प्रदेशका रूपमा विकास गर्न 'प्रादेशिक रोडम्याप' तयार गरिने उल्लेख छ। बजेटमा समेटिएको प्राङ्गारिक खेती विस्तार र विषादी अवशेषरहित खाद्य उत्पादनलाई प्रोत्साहन गर्ने नीति केवल कृषि कार्यक्रम होइन, जलवायु परिवर्तन, जनस्वास्थ्य र बजारलाई एउटै सूत्रमा बाँध्ने प्रयास हो।

कृषिमा अर्को फरक सन्देश 'पोखौं पसिना, देशमै हाँसेर' अभियानले दिएको छ। विदेशबाट फर्किएका र कृषि अध्ययन गरेका युवालक्षित उद्यमशीलता कार्यक्रमले युवा जनशक्तिलाई उत्पादनसँग जोड्ने नीति लिएको छ। यसका लागि रु दुई करोड पाँच लाख विनियोजन गरिएको छ। यसले बेरोजगारीलाई केवल सामाजिक समस्या नभई उत्पादनसँग जोडेर समाधान खोज्ने प्रयासका रूपमा लिन सकिने आर्थिक मामिला मन्त्रालयका अधिकारीहरु बताउँछन्।

वैदेशिक रोजगारीबाट फर्किएका युवालाई कृषिमार्फत उद्यमी बनाउने यो अवधारणा प्रदेश सरकारको रोजगारी नीतिमा नयाँ प्रयोगका रूपमा रहेको प्रदेशको नीति तथा योजना आयोगका सदस्य नृपबहादुर सुनारको भनाइ छ। स्थानीय उत्पादनलाई बजारसँग जोड्ने सोच पनि बजेटको अर्को बलियो पक्ष हो।

रैथाने उत्पादनको पहिचान, भौगोलिक सङ्केत (जीआई), ब्रान्डिङ, प्याकेजिङ र 'सुदूरकोसेली' अवधारणामार्फत प्रदेशका उत्पादनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारसम्म पुर्‍याउने लक्ष्य राखिएको छ। धनगढी विमानस्थलमा सञ्चालन भइरहेको 'सुदूरकोसेली घर'मार्फत नौवटै जिल्लाका स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने योजना स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने प्रयासका रूपमा रहेको छ।

कृषकले उत्पादन गर्नेमात्र होइन, मूल्य शृङ्खलामा सहभागी बन्नुपर्छ भन्ने सोच यसभित्र रहेको आयोगका सदस्य सुनारको भनाइ छ। आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीका अनुसार प्रकृति र संस्कृतिको संरक्षणलाई एकीकृत गर्दै जलवायु परिवर्तनको चुनौतीबीच कृषि उत्पादनलाई दिगो बनाउन सरकारले लिएको नीतिलाई प्रदेशकै पहिचान निर्माण गर्ने प्रयासका रूपमा हेरिएको छ।

यस्तै, मुख्यमन्त्री लघुउद्यम कार्यक्रममार्फत गरिबी सूचकाङ्कमा पछाडि रहेका अछामको ढकारी गाउँपालिका र कमलबजार नगरपालिका, बाजुराको त्रिवेणी नगरपालिका, बैतडीको सिगास र शिवनाथ गाउँपालिका तथा डोटीको शिखर नगरपालिकामा पोषण सुधार र आयआर्जन अभिवृद्धि गर्ने योजना अगाडि सारिएको छ।

समाजको पिँधमा रहेका मुक्तकमैया, कम्लरी, हलिया र अव्यवस्थित बसोबासीको आवास निर्माण, जीविकोपार्जन सुदृढीकरण र आयआर्जनका गतिविधि सञ्चालनका लागि रु चार करोड विनियोजन गरिएको छ। शासन र सरकारले प्रदान गर्ने लाभबाट कोही पनि छुट्नुहुन्न भन्ने सोचसहित यो कार्यक्रम राखिएको देखिन्छ।

# कर्णालीमा पूर्वराष्ट्रिय खेलाडीबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता हुने

**युग संवाददाता**
**सुर्खेत, २१ असार ।**

कर्णाली प्रदेश रङ्गशालामा 'नेपाल लेजेन्ड्स' र 'कर्णाली लेजेन्ड्स'बीच आगामी शनिबार मैत्रीपूर्ण फुटबल प्रतियोगिता हुने भएको छ। ग्रिनल्याण्ड फुटबल एकेडेमी र ह्युमन राइट्स सोसाइटीको संयुक्त आयोजनामा हुने प्रतियोगितामा अखिल नेपाल फुटबल संघ (एन्फा) का पूर्वअध्यक्ष तथा पूर्वराष्ट्रिय खेलाडी गणेश थापा, उपेन्द्रमान सिंह, अनिल गुरुङ, बालगोपाल महर्जन, सागर थापा, हरि खड्कालागयत सहभागी हुने एकेडेमीका अध्यक्ष शशी केसीले यहाँ पत्रकार सम्मेलन गरेर जानकारी दिए।

कर्णाली प्रदेशमा पहिलोपटक पूर्वराष्ट्रिय खेलाडीको सहभागितामा यस्तो प्रतियोगिता आयोजना हुन लागेको हो। प्रतियोगितामा कर्णाली प्रदेशबाट राष्ट्रिय खेलाडी रोहित चन्द, प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव रवीन्द्र चन्द, नवीन भण्डारी, जनक रावल, जनक थापा, नारायण कोइराला, ऋषि गिरी, ललित बसेललगायत खेलाडी पनि सहभागी हुनेछन्।

# किसान सूचीकरण तीव्र

**युग संवाददाता**
**काठमाडौँ, २० असार ।**

राष्ट्रको समृद्धिमा महत्त्वपूर्ण भूमिका निभाउँदै आएका किसानहरूको अथक परिश्रम र योगदानको सम्मान, पहिचान तथा संरक्षणका लागि सुरु गरिएको किसान सूचीकरण कार्यक्रमले तीव्रगति लिएको छ।

नेपाल सरकारले खाद्य अधिकार तथा खाद्य सम्प्रभुत्तासम्बन्धी ऐन, २०७५ अनुरूप किसान सूचीकरण कार्यक्रम देशभर राष्ट्रिय अभियानको रूपमा सञ्चालन गरिरहेको छ। यसै सन्दर्भमा सरकारको १०० बुँदे कार्यसूचीमा उच्च प्राथमिकताका साथ समेटिएको यस कार्यक्रमले पछिल्लो समय तीव्रगति लिएको हो।

आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म २४ लाख ५० हजार किसान सूचीकृत हुने लक्ष्य लिइएकामा पछिल्लो समय कृषि, वन तथा पर्यावरण मन्त्रालयको विशेष सक्रियता, कृषि सूचना तथा प्रशिक्षण केन्द्रको समन्वय र स्थानीय तहको निरन्तर प्रयासबाट हालसम्म उल्लेख्य सङ्ख्यामा किसान सूचीकरण भएका छन्।

हालसम्म देशैभर २६ लाख ४५ हजार किसान परिवार (कुल किसान परिवारको करिब ६४ प्रतिशत) यस प्रणालीमा आबद्ध भएका मन्त्रालयको कृषि सूचना तथा प्रशिक्षण केन्द्रले जनाएको छ। आगामी आवदेखि किसान वर्गीकरणसहित परिचय वितरणको कार्यक्रम अगाडि बढाइने गरी मन्त्रालयले केन्द्रलाई आवश्यक तयारी गर्न निर्देशन दिएको छ।

केन्द्रले विद्यमान प्रणालीको अद्यावधिक, प्रदेश तथा स्थानीय तहसँग समन्वय एवं सहजीकरणको कार्यलाई तीव्रता दिएसँगै स्थानीय तहलाई यस कार्यलाई प्राथमिकतामा राखी सूचीकरण र प्रमाणीकरण शीघ्र सम्पन्न गर्न अनुरोध गरेको छ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन् ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इनिष्टच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)







**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादकः** दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादकः** ओम बहादुर शाही, **प्रधान कार्यालयः** वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेटः** कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालयः** सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोनः** ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रणः** रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।